कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३ (कर्मचारी प्रशासन उपशाखा)
च.नं.:

## कृषि स्नातक प्राविधिक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मिति २०८३/०२/०६)

कोहलपुर नगरपालिकाको आ.ब. २०८२/०८३ को सङ्घीय कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी मन्त्रालयबाट जारी भएको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ बमोजिम देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालय (कर्मचारी प्रशासन शाखा) मा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कोहलपुर नगरपालिकाको कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

<u>तपसील</u>

| वि.नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १२-२०८२/०८३ | कृषि स्नातक | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको। | दरखास्त दस्तुर रु.१,००० |

**(क) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरुः

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
- कामसँग सम्बन्धित अनुभव भए सो को प्रमाणपत्र
- २ प्रति पासपोर्ट साइजको फोटो ।

**(ख) उमेर हदः** २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**(ग) परीक्षाको किसिमः** लिखित परीक्षा र अन्तर्वार्ता ।

**(घ) सेवा सुविधा, कार्यविवरण तथा अन्यः-** स्थानीय तहमा कृषि स्नातक प्राबिधिक परिचालन कार्यबिधी, २०८२ बमोजिम हुनेछ।

..............................
(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, admin.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun